" समृद्ध खाँदबारी नगर "

खाँदबारी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खाँदबारी, सङ्खुवासभा

कोशी प्रदेश, नेपाल

प.सं.: २०८२/८३

च.नं.:

मिति :२०८२।०८।१४

**जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धि सुचना**

**दोस्रो पटक प्रकाशित मिति – २०८२/०८/१४**

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको चालू आ.व २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालन** गर्नुपर्ने भएकोले इच्छुक संघसस्थाले महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट जारी स्थानीयतहमा जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को अनुसुची ४ बमोजिमको ढाँचामा सुचना प्रकाशित भएको मितिले (१५) पन्ध्र दिनमा पनि कुनै संघ /संस्थाको प्रस्ताव पेश नभएकोले पुन: (७) सात दिन कार्यालय समय भित्र प्रस्ताव पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ । संस्था छनोट तथा कार्यक्रम सञ्चालन सम्बन्धी ब्यवस्था स्थानीयतहमा जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ बमोजिम हुनेछ ।

**<u>प्रस्ताव पेश गर्ने संस्थाको योग्यता</u>**

१. प्रचलित कानुन बमोजिम दर्ता र नवीकरण भएको,
२. प्रत्येक वर्ष लेखापरीक्षण सम्पन्न गरी सो को प्रतिवेदन तयार भएको,
३. प्रचलित कानुन बमोजिम अयोग्य नरहेको,
४. कार्यक्रम सञ्चालनको प्रस्ताव आह्वानको सुचना हुनु अगावै प्रचलित कानुन बमोजिम दर्ता भई कार्य सञ्चालन गरिरहेको संस्थाले मात्र प्रस्ताव पेश गर्न सक्नेछन् ।
५. संस्थाले लक्षित महिलाहरुल लाई सीप तथा ब्यावसायिक विकास तालिम प्रदान गरी ब्यक्तिगत वा सामुहिकरुपमा आयआर्जन व्यवसायको सञ्चालन गर्नेगरी प्रस्ताव पेश गर्न सक्नेछन् ।
६. संस्थाले व्यवसायको प्रकृति हेरी कम्तिमा पाँच (५) दिनको तालिम पच्चीस (२५) जना लक्षित महिला सहभागीहरुलाई प्रदान गर्ने गरी व्यवसायिक योजना पेश गर्नुपर्नेछ । तालिम बढाउनु परेमा संस्थाले आफ्नै स्रोतमा अवधि बढाउन सक्नेछ ।

**<u>प्रस्ताव साथ संगलग्न हुनुपर्ने विवरण तथा कागजात</u>**

१. संस्थाको विधान, परिचय, उदेश्य, कार्यसञ्चालन प्रक्रिया, भौतिक तथा वित्तिय स्रोत सम्बन्धी विवरण,
२. प्रस्तावित व्यवसायको अवधारणापत्र, व्यवसायको क्षेत्र, तालिम अवधि र स्रोत परिचालन सहितको व्यावसायिक योजनाको विवरण,
३. प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
४. अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
५. अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,
६. प्रस्तावित कार्यक्रममा संस्थाको योगदानको अंश, अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीको स्रोत सहितको यथार्थ विवरण,
७. कालोसूचीमा नपरेको र प्रचलित कानुनबमोजिम आयोग्य नरहेको स्व:घोषणा,
८. संस्थाले तालिममा सहभागी भएका लक्षित महिलाका लागि अनुसूची-५ बमोजिमको ढाँचामा कृषि, पशुपालन तथा उत्पादनमुलक क्षेत्र, पर्यटन तथा आतिथ्यता क्षेत्र र गैह्र कृषि क्षेत्र मध्ये एउटा क्षेत्र छनौट गरी ब्यवसायिक योजना पेश गर्नु पर्नेछ ।
९. प्रस्ताव दर्ता गर्दा संस्थाले विपन्न वा बहुविपन्न महिला, एकल महिला, हिंसा पिडित, मानव बेचविखिन तथा ओसारपसार पिडित र प्रभावित महिला, भुमिहिन महिला, सीमान्तकृत समुदाय तथा दलित समुदायका विपन्न महिला, कृषि बाहेक अन्य कुनै नियमित रोजगारी/आयआर्जनका श्रोत नभएको परिवारका महिला, आर्थिक उत्थान तथा सशक्तिकरण हुने गरी व्यावसायिक सम्भाव्यता समेत उल्लेख गरी सोको कार्यान्वयन कार्ययोजना सहितको प्रस्ताव पेश गर्नू पर्नेछ ।

२०८२।०८।१४

कमलमणि थापा

प्रशासकिय अधिकृत

प्रशासकीय अधिकृत